त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
रामपुर, चितवन

सम्पर्क कार्यालय:
पो. बक्स: ९८४, कीर्तिपुर, काठमाण्डौ, नेपाल

मिति: २०६७।३।३२

# एम.एस्सी. (कृषि, पशु विज्ञान र एक्वाकल्चर), एम.भि.एस्सी. र विद्यावारिधी तहमा विद्यार्थी भर्ना सम्बन्धि सूचना

शैक्षिक वर्ष २०६७।०६८ मा यस अध्ययन संस्थानद्धारा संचालन गरिने स्नातकोत्तर र विद्यावारिधी तह अन्तर्गतका निम्न विषयहरुमा भर्ना हुनका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेका इच्छुक व्यक्तिहरुले निम्नानुसारका शर्त पालना गरी आफुले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु र चारित्रिक प्रमाणपत्रका साथै नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति सहित रितपूर्वकको आवेदन फाराम भरी तोकिएको म्यादभित्र यस अध्ययन संस्थान, डीनको कार्यालय, रामपुरमा बुझाउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । त्रि.वि. वाहेक अन्य विश्वविद्यालयवाट स्नातक/स्नातकोत्तर तह उत्तीर्ण भै आउने विद्यार्थीहरुले त्रि.वि.बाट निर्धारण गरेको समानस्तरको प्रमाण/प्रमाणपत्र समेत आवेदनसाथ संलग्न गर्नुपर्नेछ । तर Migration Certificate को हकमा भने भर्ना भै त्रि.वि. नाम दर्ता गर्ने समयमा सक्कलै प्रति पेश गर्नु पर्नेछ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएको आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन ।

(क) एम.एस्सी. (कृषि) तहमा अध्यापन हुने विषयहरु:

(१) वागवानी विज्ञान (२) वाली प्रजनन (३) कृषि अर्थशास्त्र
(४) वाली रोग विज्ञान (५) कीट विज्ञान (६) कृषि प्रसार
(७) वाली विज्ञान (८) माटो विज्ञान (९) कन्जर्भेशन इकोलोजी

न्यूनतम आवश्यक शैक्षिक योग्यता:
वि.एस्सी. (कृषि) तह कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण भएको हुनु पर्नेछ ।

(ख) एम.एस्सी. (पशु विज्ञान) तहमा अध्यापन हुने विषयहरु:

(१) पशु उत्पादन तथा व्यवस्थापन (२) पशु प्रजनन
(३) पशु पोषण तथा चारा उत्पादन

न्यूनतम आवश्यक शैक्षिक योग्यता:
वि.एस्सी. (कृषि/पशु विज्ञान) वा वि.भि.एस्सी. एण्ड ए.एच. तह कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण भएको हुनु पर्नेछ ।

(ग) एम.एस्सी. (एक्वाकल्चर) तहमा अध्ययापन हुने विषय :

(१) एक्वाकल्चर

न्यूनतम आवश्यक शैक्षिक योग्यता:
वि.एस्सी. (कृषि/पशु विज्ञान) वा वि.भि.एस्सी. एण्ड ए.एच. वा एम.एस्सी. (Zoology) मा इच्छाधिन Fisheries विषय वा वि.एफ.एस्सी. (Bachelor in Fisheries Science) को परीक्षामा कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण भएको हुनु पर्नेछ ।

(घ) एम.भि.एस्सी. तहमा अध्ययापन हुने विषयहरु :

(१) मेडिसिन (२) फर्माकोलोजी (३) प्याथोलोजी
(४) थेरियोजेनोलोजी (५) माइक्रोवायोलोजी

न्यूनतम आवश्यक शैक्षिक योग्यता:

वि.भि.एस्सी. एण्ड ए.एच. तह कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण भएको हुनु पर्नेछ ।

(ङ) विद्यावारिधी तह (PLAN A / PLAN B MODEL)

**विषयहरु :**

(१) कृषि (२) पशु विज्ञान (३) मतस्यपालन

न्यूनतम आवश्यक शैक्षिक योग्यता:

**PLAN A:** संवन्धित विषयमा अंग्रेजी माध्यमवाट स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरी First Author को हैसियतमा दुइवटा Journal Article प्रकाशित भएको ।

**PLAN B:** संवन्धित विषयमा अंग्रेजी माध्यामवाट स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तीर्ण गरी First Author को हैसियतमा दुइवटा Journal Article प्रकाशित भएको वा मुख्य अनुसन्धान कर्ता भै पांचवटा Research Report प्रकाशित भएको । अथवा संवन्धित विषयमा अंग्रेजी माध्यामवाट स्नातकोत्तर तह दोश्रो श्रेणीमा उत्तीर्ण गरी First Author को हैसियतमा पांचवटा Journal Article प्रकाशित भएको वा अनुसन्धानमा लगातार संलग्न रही मुख्य अनुसन्धान कर्ताको हैसियतमा कम्तिमा दशवटा Research Report प्रकाशित भएको ।

- आवेदन फाराम वितरण: २०६७ श्रावण २० गतेदेखि २०६७ भाद्र २२ गते कार्यालय समयभित्र ।
- आवेदन फारम बुझाउने : २०६७ श्रावण २० गतेदेखि २०६७ भाद्र २२ गते कार्यालय समयभित्र ।
- भर्ना आवेदन फाराम रु. ५००/- (पांचसय) बुझाई यस अध्ययन संस्थानको डीनको कार्यालय, रामपुर र सम्पर्क कार्यालय, कीर्तिपुरवाट प्राप्त गर्न सकिनेछ । साथै यस अध्ययन संस्थानको वेभसाइट www.iaas.edu.np वाट Download समेत गर्न सकिनेछ । तर आवेदन फाराम शुल्क वापतको रकम फाराम बुझाउने समयमा भुक्तानी गर्नु पर्नेछ।
- प्रत्येक डिग्रीका लागि छुट्टाछुट्टै आवेदन फाराम भर्नु पर्नेछ । एक डिग्रीमा प्राथमिकता तोकी बढीमा ३ (तीन) विषयसम्म आवेदन दिन सकिनेछ ।
- आवेदन फाराम बुझाउंदा प्रवेश परीक्षा शुल्क वापतको रकम प्रति विषयको रु. १०००/- (एकहजार) का दरले भुक्तानी गरेको रसिद आवेदन फारामसाथ संलग्न हुनु पर्नेछ ।
- आवेदन फाराम डीनको कार्यालय, रामपुरमा नै बुझाउनु पर्नेछ ।

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
रामपुर, चितवन

सम्पर्क कार्यालय:
पो. बक्स: १८४, कीर्तिपुर, काठमाण्डौ, नेपाल

- प्रवेश परीक्षा :
  एम.एस्सी. (कृषि) र एम.भि.एस्सी. तहका लागि २०६७ आश्विन ५ गते विहान ८:१५ बजे र एम.एस्सी. (पशु विज्ञान) र एम.एस्सी. (एक्वाकल्चर) तहका लागि २०६७ आश्विन ५ गते दिनको १:१५ बजे, कृ.प.वि.अ.सं., डीनको कार्यालय रामपुरमा संचालन हुनेछ ।
- प्रवेश परीक्षा उत्तीर्ण हुन पूर्णाङ्कको ५० (पचास) प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।
- विद्यावारिधी तहका लागि प्रवेश परीक्षा हुने छैन ।
- भर्नाको आधार : यस अध्ययन संस्थानबाट लिइने प्रवेश परीक्षालाई ८०% र स्नातक तहमा प्राप्त गरेको प्राप्ताङ्कलाई २०% अङ्कभार दिई तयार पारिएको Merit list अनुसार स्नातकोत्तर तहमा भर्नाको लागि नामावली प्रकाशित गरिनेछ ।

प्रवेश परीक्षाको लागि विषयगत भार (Subjectwise Weightage) निम्नानुसार रहनेछ:

*एम.एस्सी. (कृषि) तहका लागि:*
Agronomy-14, Horticulture-14, Soil Science-14, Plant Breeding-14, Plant Pathology-14, Entomology-14, Physiology/Biochemistry/Environmental Science-14, Social Science (Agri. Economics+ Agri. Extension)-28, Statistics/Agri. Meteorology/Agri. Engineering-14, Animal Science/Aquaculture-14, General Knowledge-6

एम.भि. एस्सी. तहका लागि:
Medicine-12, Gynecology-12, Pathology-12, Microbiology-12, Parasitology-12, Pharmacology-12, Physiology-6, Surgery-6, Epidemiology and Public Health-5, Animal Science (Nutrition, Forage, Pasture, Breeding, LPM, Aquaculture)-20, Basic Science (Biochemistry + Statistics)-15, Social Science (Agri. Economics + Agri. Extension)-30, General Knowledge-6

एम.एस्सी. (पशु विज्ञान) तहका लागि:
Animal Nutrition, Fodder, Pasture, Range-25, LPM/Dairy-25, Animal Breeding-25, Animal Health-7, Aquaculture-7, Plant Science-20, Social Sciences (Agri. Economics + Agri. Extension)-30, Basic Sciences (Biochemistry + Statistics)-15, General Knowledge-6

एम.एस्सी. (एक्वाकल्चर) तहका लागि:
Fisheries and Aquaculture -64, Plant Science -15, Animal Science-15, Social Science (Agri. Economics + Agri. Extension) - 30, Basic Sciences (Biochemistry + Statistics) - 15, Agri. Meteorology/Agri. Engineering-15, General Knowledge-6

- एकजना मात्र छनौट भएका विषयमा विद्यार्थी भर्ना लिइने छैन । त्यस्ता विद्यार्थीले कोटा रहेसम्म आफुले तोकेको प्राथमिकताको विषयमा भर्ना लिन सक्नेछन् ।
- भर्ना सम्बन्धि कार्यक्रम:
  (क) भर्नाको लागि प्रथम नामावली २०६७ आश्विन ६ गते प्रकाशित गरिनेछ । ती विद्यार्थीहरुले २०६७ आश्विन ७ गते कार्यालय समयभित्र भर्ना लिईसक्नु पर्नेछ ।

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
रामपुर, चितवन

सम्पर्क कार्यालय:
पो. बक्स: ९८४, कीर्तिपुर, काठमाण्डौ, नेपाल

(ख) स्थान खाली रहन आएमा २०६७ आश्विन ८ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र ती विद्यार्थीहरुले २०६७ आश्विन १० गते कार्यालय समयभित्र भर्ना लिईसक्नु पर्नेछ ।

(ग) दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले तोकेको म्यादभित्र भर्ना हुन नआई स्थान खाली रहन आएमा तेश्रो तथा अन्तिम नामावली २०६७ आश्विन ११ गते प्रकाशित गरिनेछ र ती विद्यार्थीहरुले २०६७ आश्विन १२ गते कार्यालय समयभित्र भर्ना लिईसक्नु पर्नेछ ।

- भर्ना हुन आउंदा आवेदन फारामसाथ संलग्न गरिएका सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरु र नेपाली नागरिकताको प्रमाणपत्रको सक्कलै प्रति पेश गर्न अनिवार्य छ ।
- कोर्ष रजिष्ट्रेशन र कक्षा संचालन: २०६७ मंसिर १ गते ।
- यसमा उल्लेख नभएका विषयहरुको हकमा P.G. Information Bulletin अनुसार नै सबै कार्यहरु सम्पादन हुनेछन् ।
- थेसिस रिसर्चको लागि आवश्यक पर्ने रकम विद्यार्थी स्वयंको प्रयासबाट व्यवस्था हुनु पर्नेछ ।
- छात्रावासको क्षमता सिमित भएकोले कोठाहरु रिक्त रहेपछि मेरिटको आधारमा क्रमश: उपलब्ध गराइनेछ ।

प्रा.डा. सुन्दरमान श्रेष्ठ
डीन